१९औं

वार्षिक प्रतिवेदन
आ.व. २०८१/०८२

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लि.

NERUDE MIRMIRE LAGHUBITTA BITTIYA SANSTHA LIMITED

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय
बनेपा-८, काभ्रेपलाञ्चोक

कर्पोरेट कार्यालय
मध्यपुर थिमी-१, लोकन्थली, भक्तपुर

सञ्चालक समिति

श्री राज कुमार राई
अध्यक्ष

श्री सन्तोष फुयल
सञ्चालक

श्री गणेश प्रसाद आचार्य
सञ्चालक

श्री सन्जु घिमिरे
सञ्चालक

श्री भानु भक्त दबाडी
सञ्चालक

श्री राजेश श्रेष्ठ
कम्पनी सचिव

विषय सूची

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड

बनेपा नगरपालिका, वडा नं. ८, काभ्रेपलाञ्चोक

उन्नाइसौं वार्षिक साधारण सभाको सूचना

(प्रथम पटक प्रकाशित मितिः२०८३/०३/११)

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको मिति २०८३/०३/१० गते बसेको सञ्चालक समितिको ३९६ औं बैठकको निर्णयले यस वित्तीय संस्थाको उन्नाइसौं वार्षिक साधारण सभा देहायका प्रस्तावहरुमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय, स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

साधारण सभा हुने मिति, समय र स्थानः

मितिः २०८३/०३/३२ गते बिहिबार (तदनुसार १६ जुलाई २०२६)

समयः बिहान ११ बजे

स्थानः ह्वाइट प्यालेस ब्याङ्क्वेट, मध्यपुर थिमी-३, कौशलटार, भक्तपुर

छलफल तथा निर्णयका लागि निर्धारित विषयहरु :

(क) सामान्य प्रस्तावहरु :

१. आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सहित आर्थिक वर्ष २०८१/०८२ को वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा लेखा सम्बन्धी नीतिहरु सहित सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी स्वीकृत गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/०८३ का लागि बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. स्वतन्त्र सञ्चालक नियुक्ति भएको जानकारी गराउने सम्बन्धमा ।

५. सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समूहमा रिक्त १ जना सञ्चालक पदमा बाँकी अवधिको लागि सञ्चालक समितिले नियुक्त गरेको संचालक अनुमोदन गर्ने ।

(ख) विशेष प्रस्तावहरु :

१. वित्तीय संस्थाको पूँजी वृद्धि योजना अनुसार नियामक निकायको स्वीकृति प्राप्त भएको अवस्थामा मात्र जारी गर्ने गरी प्रचलित कानून तथा व्यवस्थाको अधिनमा रही सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम तत्काल कायम रहेको चुक्ता पूँजी रु. १,३९,७७,६४,२७२।८८ (अक्षरेपि एक अर्ब उनान्चालीस करोड सतहत्तर लाख चौसठ्ठी हजार दुई सय बहत्तर रुपैयाँ पैसा अठासी मात्र) को १:०.२५ को अनुपातमा रु. ३४,९४,४१,०६८।२२ (अक्षरेपि चौंतीस करोड चौरानब्बे लाख एकचालीस हजार अठसठ्ठी रुपैयाँ पैसा बाईस मात्र) बराबरको प्रति कित्ता रु. १००/- (अक्षरेपि एकसय मात्र) को ३४,९४,४१०.६८ (चौंतीस लाख चौरानब्बे हजार चार सय दश दशमलव छ आठ) कित्ता हकप्रद शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने । साथै उक्त कार्यको लागि सम्बन्धित निकायबाट कुनै फेरबदल वा संशोधन गर्न निर्देशन दिएमा सोही बमोजिम फेरबदल वा संशोधन गर्ने ।

२. संस्थाको प्रबन्धपत्र, नियमावली समसामयिक थप/संशोधन गर्ने ।

३. संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायहरुबाट कुनै फेरबदल, थपघट तथा संशोधन गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

४. यस वित्तीय संस्थाले "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रयोजनको लागि उपयुक्त लघुवित्त संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सोका आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने लगायतका सो सम्बन्धी आवश्यक कार्य अगाडि बढाउन सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने ।

(ग) विविध ।

सञ्चालक समितिको आज्ञाले
(कम्पनी सचिव)

साधारणसभा सम्बन्धी अन्य जानकारी

१. उन्नाइसौ वार्षिक साधारणसभा सम्पन्न गर्ने प्रयोजनका लागि मिति २०८३/०३/१९ गते वित्तीय संस्थाको सेयरधनी दर्ता किताब बन्द रहने छ । साथै मिति २०८३/०३/१८ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई प्रचलित कानून बमोजिम वित्तीय संस्थाको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेडमा प्राप्त विवरणको आधारमा कायम सेयरधनीहरुले मात्र वार्षिक साधारणसभामा भाग लिन सक्नेछन् ।

२. साधारणसभामा भाग लिन ईच्छुक सेयरधनी महानुभावले व्यक्तिगत रुपमा पठाइएको सूचना तथा संलग्न प्रवेशपत्र साथै आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः राष्ट्रिय परिचयपत्र वा नागरिकता प्रमाण पत्रको प्रतिलिपि वा सवारी साधन अनुमति पत्र वा आफ्नो परिचय खुल्ने अन्य कागजात) अनिवार्य साथमा लिई आउनु हुन अनुरोध छ ।

३. सम्पूर्ण सेयरधनी महानुभावहरुलाई यस लघुवित्त वित्तीय संस्थामा रहेको ठेगाना र ईमेलमा वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन पुस्तिका पठाइनेछ । साथै उक्त प्रतिवेदन संस्थाको वेबसाईट www.nerudemirmire.com.np मा पनि हेर्न सकिनेछ । साथै उक्त विवरणहरु संस्थाको कर्पोरेट कार्यालय, मध्यपुर थिमी-१, भक्तपुर लोकन्थलीमा पनि सेयरधनी महानुभावहरुले प्राप्त गर्न सक्नु हुनेछ ।

४. साधारणसभामा भाग लिने प्रत्येक सेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ९:०० बजेदेखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

५. साधारणसभामा भाग लिनको लागि प्रोक्सी (प्रतिनिधि) मुकर्रर गर्न चाहने शेयरधनीले तोकिएको ढाँचामा यस वित्तीय संस्थाको सम्बन्धित समूहका शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन सभा सुरु हुनुभन्दा ७२ घण्टा अगावै यस संस्थाको कर्पोरेट कार्यालय, मध्यपुर थिमी-१, लोकन्थलीमा दर्ता गराई सक्नुपर्नेछ ।

६. एक जना शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा शेयरधनी आफूले अघि दिएको प्रतिनिधि (प्रोक्सी) वदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन पाउनेछ । तर यसो नगरी एक सेयरधनीले एकभन्दा बढी प्रोक्सी नियुक्ति गरिएको रहेछ भने पहिले दर्ता भएको प्रोक्सीले मान्यता पाउनेछ ।

७. प्रोक्सी (प्रतिनिधि) नियुक्ति गरिसक्नु भएको सेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेमा पहिले दिईएको प्रोक्सी स्वतः वदर हुनेछ ।

८. संगठित संस्था सेयरधनी रहेकोमा प्रबन्धपत्र नियमावलीको अधिनमा रही उक्त संस्थाको आधिकारिक पदाधिकारीले खटाएको वा मनोनित गरेको प्रतिनिधिले सभामा भाग लिन पाउनेछ ।

९. छलफलको विषयसूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले आफूले प्रश्न गर्न चाहेको विषयबारे सभा शुरु हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । तर यसलाई पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१०. साधारण सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नु परेमा कूल शेयर पूँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिइएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको प्रस्ताव माथि सभामा छलफल र निर्णय गरिने छैन ।

११. साधारण सभा सम्बन्धी काम कारवाही कम्पनी ऐन, २०६३ नियमावली, २०७५ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१२. साधारणसभामा भाग लिन आउँदा जाँदाको कुनै पनि प्रकारको खर्चको शोधभर्ना वित्तीय संस्थाले उपलब्ध गराउने छैन ।

१३. बुँदा ४ र ५ उल्लेखित दिन सार्वजनिक बिदा परेमा समेत सो प्रयोजनको लागि वित्तीय संस्थाको कर्पोरेट कार्यालय, कार्यालय समयमा खुल्ला रहनेछ ।

१४. अन्य थप जानकारी चाहिएमा यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय मध्यपुर थिमी-१, लोकन्थली, भक्तपुरमा तथा फोन नं. ०१-५९२८१६१/५९२८१६२ मा सम्पर्क राख्नुहुन वा वित्तीय संस्थाको वेबसाइटः www.nerudemirmire.com.np बाट जानकारी लिनुहुन अनुरोध छ ।

श्री सञ्चालक समिति
नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा न.पा.-८, काभ्रेपलाञ्चोक ।

विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।

.... जिल्ला...................... न.पा./गा.वि.स. वडा नं. .... बस्ने म/हामी .... ले त्यस लघुवित्त वित्तीय संस्थाका शेयरधनीको हैसीयतले सम्बत् २०...... साल .... महिना ...... गते का दिन हुने साधारण सभा / विशेष साधारण सभामा म/हामी स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नको लागि .... जिल्ला .... नगरपालिका/गाउपालिका वडा नं. ...... वस्ने त्यस वित्तीय संस्थाको समुह " " का शेयरधनी श्री .... शेयरधनी परिचय नं. .... लाई मेरो हाम्रो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाएको छु/छौं ।

प्रोक्सी लिनेको हस्ताक्षर नमुनाः

....

शेयरधनी परिचय नं.:

शेयर समूहः

मितिः

निवेदक

प्रोक्सी दिनेको नामः

ठेगानाः

प्रोक्सी दिनेको सहीः

शेयरधनी परिचय नं. :

शेयर संख्याः

शेयर समूहः

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड

उन्नाइसौँ वार्षिक साधारण सभामा

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री राज कुमार राईज्यूको मन्तव्य

आदरणीय शेयरधनी महानुभावहरू,

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको उन्नाइसौँ वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, नियामक निकायका प्रतिनिधिहरू तथा अन्य सम्पूर्ण सरोकारवालाहरूमा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्दछु ।

आर्थिक वर्ष २०८१/८२ हाम्रो संस्थाको लागि सामान्य आर्थिक वर्ष मात्र नभई चुनौती, सुधार, पुनर्संरचना र भविष्य निर्माणको आधार तयार गर्ने वर्षको रूपमा रह्यो । संस्थाले यस अवधिमा नियामकीय व्यवस्था, संस्थागत सुशासन, वित्तीय अनुशासन तथा व्यवसायिक पुनर्सन्तुलनलाई केन्द्रमा राखी आफ्नो कार्यसम्पादनलाई पुनः व्यवस्थित गर्ने प्रयास गरेको छ ।

गत केही वर्षदेखि लघुवित्त क्षेत्रमा देखिएको चुनौतीपूर्ण वातावरण, बढ्दो निष्क्रिय कर्जा, व्यवसाय विस्तारको सीमितता, नियामकीय परिवर्तन तथा वित्तीय क्षेत्रको समग्र दबाबले हाम्रो संस्थालाई समेत प्रभावित गरेको यथार्थ हामी सबैका सामु स्पष्ट नै छ । तथापि, यस्ता चुनौतीहरूलाई अवसरका रूपमा ग्रहण गर्दै संस्थाले व्यवसाय पुनर्संरचना, कर्जा असुली व्यवस्थापन, लागत नियन्त्रण, संस्थागत सुशासन सुदृढीकरण तथा डिजिटल रूपान्तरणका क्षेत्रमा महत्वपूर्ण प्रयासहरू गरेको छ ।

समीक्षा अवधिमा संस्थाले आफ्ना शाखा सञ्जाल, मानव स्रोत, सूचना प्रविधि प्रणाली, जोखिम व्यवस्थापन प्रणाली तथा आन्तरिक नियन्त्रण संयन्त्रलाई थप प्रभावकारी बनाउने दिशामा कार्य गरेको छ । यसका साथै, कर्मचारी क्षमता विकास, अनुपालना, डिजिटल शिक्षण प्रणालीको विकास तथा कृत्रिम बुद्धिमता (Artificial Intelligence) को प्रयोगतर्फ प्रारम्भिक आधार निर्माण गर्ने कार्यलाई पनि प्राथमिकताका साथ अगाडि बढाइएको छ ।

संस्थाको वर्तमान चुनौतीहरूलाई मध्येनजर गर्दै संचालक समिति तथा व्यवस्थापन टोलीले आगामी दिनमा निष्क्रिय कर्जा न्यूनीकरण, पूँजी संरचना सुदृढीकरण, उत्पादकत्व अभिवृद्धि, लागत नियन्त्रण, डिजिटल रूपान्तरण तथा संस्थागत सुशासन सुदृढीकरणलाई मुख्य रणनीतिक प्राथमिकताका रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दछ ।

हामी विश्वस्त छौं कि संस्थाका सम्पूर्ण शेयरधनी, ग्राहक सदस्य, कर्मचारी, नियामक निकाय तथा अन्य सरोकारवालाहरूको निरन्तर विश्वास, सहयोग र सहकार्यबाट संस्थाले आगामी दिनहरूमा थप सबल, सक्षम तथा दिगो संस्थाको रूपमा आफूलाई स्थापित गर्नेछ ।

अन्त्यमा, संस्थाप्रति विश्वास कायम राख्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरू, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ लिमिटेड, कर्जा सापट प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाहरू, ग्राहक सदस्यहरू, कर्मचारी वर्ग तथा सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद । **(राज कुमार राई)**

मितिः २०८३/०३/३२ **अध्यक्ष**

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड

उन्नाइसौं वार्षिक साधारण सभामा प्रस्तुत
सञ्चालक समितिको वार्षिक प्रतिवेदन
आर्थिक वर्ष २०८१/०८२

१. संस्थाको समीक्षा

(क) समीक्षा वर्षको सिंहावलोकन :

आर्थिक वर्ष २०८१/८२ नेपालको लघुवित्त क्षेत्रका लागि चुनौतीपूर्ण, परिवर्तनशील तथा पुनर्संरचनाको वर्षका रूपमा रह्यो । समीक्षा अवधिमा समग्र राष्ट्रिय अर्थतन्त्रमा अपेक्षित सुधार आउन नसक्नु, ग्रामीण तथा विपन्न वर्गको आयआर्जनमा परेको प्रभाव, कर्जा असुलीमा देखिएको चुनौती, लघुवित्त क्षेत्रमा बढ्दो नियामकीय अपेक्षा तथा वित्तीय अनुशासनको आवश्यकताले लघुवित्त क्षेत्रलाई प्रत्यक्ष प्रभाव पारेको छ ।

यसै परिवेशमा नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडले मर्जरपछिको पहिलो पूर्ण आर्थिक वर्ष सञ्चालन गर्दै संस्थागत एकीकरण, व्यवसायिक स्थायित्व, जोखिम व्यवस्थापन तथा संस्थागत सुशासनलाई प्राथमिकतामा राखी आफ्नो कार्यसम्पादनलाई अगाडि बढाएको छ ।

१. आर्थिक तथा लघुवित्त क्षेत्रको परिवेश :

समीक्षा अवधिमा नेपालको अर्थतन्त्र क्रमशः सुधारोन्मुख देखिए तापनि ग्रामीण अर्थतन्त्र तथा साना उद्यम व्यवसायहरूले अपेक्षित गति लिन सकेनन् । वित्तीय क्षेत्रमा तरलताको अवस्था सुधार भए पनि कर्जा असुली, व्यवसाय विस्तार तथा वित्तीय अनुशासनका विषयहरू चुनौतीपूर्ण नै रहे ।

लघुवित्त क्षेत्रमा विशेषगरी बहुऋण (Multiple Borrowing) को समस्या, कर्जा पुनःभुक्तानीमा आएको कठिनाई, निष्क्रिय कर्जामा भएको वृद्धि, नियामकीय मापदण्डहरूको कडाई, सदस्यहरूको आय आर्जनमा आएको कमी, सञ्चालन लागतमा भएको वृद्धि जस्ता विषयहरूले संस्थाहरूको वित्तीय तथा सञ्चालन कार्यसम्पादनमा प्रत्यक्ष प्रभाव पारेका छन् ।

२. मर्जरपछिको पहिलो पूर्ण आर्थिक वर्ष :

नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड र मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडबीच सम्पन्न मर्जरपछिको आर्थिक वर्ष २०८१/८२ पहिलो पूर्ण सञ्चालन वर्षका रूपमा रहेको छ । यस अवधिमा संस्थाले संगठनात्मक एकीकरण, शाखा सञ्चालनको समायोजन, मानव संसाधन व्यवस्थापन, व्यवसायिक प्रक्रिया एकीकरण, वित्तीय प्रतिवेदन प्रणालीको एकरूपता, संस्थागत संस्कृतिको समायोजन लगायतका महत्वपूर्ण कार्यहरू सम्पन्न गरेको छ ।

३. व्यवसायिक अवस्थाको सिंहावलोकन :

समीक्षा अवधिमा संस्थाले राष्ट्रिय स्तरमा आफ्ना व्यवसायिक गतिविधिहरूलाई निरन्तरता दिएको छ । आर्थिक वर्षको अन्त्यसम्म संस्थाको व्यवसायिक अवस्था देहाय बमोजिम रहेको छ ।

विवरण	आर्थिक वर्ष २०८१/८२
शाखा कार्यालय संख्या	२२५
कूल सम्पत्ति	रु. २१.१४ अर्ब
कूल कर्जा लगानी	रु. १९.५१ अर्ब
कूल निक्षेप	रु. ६.४६ अर्ब
बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण	रु. १०.८५ अर्ब
कुल स्वपूँजी	रु. २.४७ अर्ब
जारी पूँजी	रु. १.४० अर्ब
सदस्य संख्या	३,०३,६९७
ऋणी सदस्य संख्या	१,२६,६०६
कर्मचारी संख्या	११२१

४. शेयर पूँजी र बनौट :

अधिकृत पूँजी रु. १ अर्ब ७५ करोड रहेको यस वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रु. १ अर्ब ३९ करोड ७७ लाख ६४ हजार २ सय ७२ रहेको छ । वित्तीय संस्थाको शेयर पूँजीको बनौटको हिसाबले हेर्दा चुक्ता पूँजीको ५१.४९ प्रतिशत संस्थापक समूह र ४८.५१ प्रतिशत सर्वसाधारण समूहको शेयर स्वामित्व रहेको छ । साविक मिर्मिरे लघुवित्त वित्तीय संस्थामा गाभिएका स्वेडा लघुवित्त वित्तीय संस्था लिमिटेड र बुद्धज्योति लघुवित्त वित्तीय संस्था लिमिटेडतर्फका संस्थापक शेयर सर्वसाधारण शेयरमा रुपान्तरण पश्चात चुक्ता पूँजीको अनुपात ५१ प्रतिशत संस्थापक र ४९ प्रतिशत सर्वसाधारण शेयर हुनेछ ।

५. वित्तीय संस्थाको कार्यक्षेत्र तथा कार्यालयहरु :

राष्ट्रियस्तर कार्यक्षेत्र रहेको यस वित्तीय संस्थाले हाल ७ वटै प्रदेशका ६१ जिल्लामा २२५ शाखा कार्यालयहरु, ५ वटा प्रादेशिक कार्यालयहरु, २५ वटा कलष्टर (अनुगमन इकाई) र १ केन्द्रीय कार्यालय, १ कर्पोरेट कार्यालयबाट काम, कारोवार संचालन गरिरहेको छ ।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट परेको प्रभाव :

समीक्षा अवधिमा नेपालको वित्तीय क्षेत्रले तरलता व्यवस्थापन, ब्याजदरको उतारचढाव, आर्थिक गतिविधिको सुस्तता, कर्जा असुलीमा आएको चुनौती तथा नियामकीय परिवर्तनहरूको प्रभाव अनुभव गरेको छ ।
यसका अतिरिक्त, विश्वव्यापी आर्थिक अनिश्चितता, मुद्रास्फीति, अन्तर्राष्ट्रिय वित्तीय बजारमा आएको परिवर्तन तथा आर्थिक गतिविधिमा देखिएको सुस्तताले समेत वित्तीय क्षेत्रमा अप्रत्यक्ष प्रभाव पारेको छ । उक्त परिस्थितिका कारण संस्थाको कर्जा असुली, व्यवसाय विस्तार तथा वित्तीय कार्यसम्पादनमा केही प्रभाव परेको भए तापनि संस्थाले जोखिम न्यूनीकरण तथा वित्तीय अनुशासनमार्फत सोको व्यवस्थापन गर्ने प्रयास गरेको छ ।

(ग) चालू वर्षको उपलब्धि तथा भविष्यप्रतिको धारणा :

प्रतिवेदन तयार भएको मितिसम्म संस्थाले निष्क्रिय कर्जा व्यवस्थापन, व्यवसायिक पुर्नसंरचना, पूँजी सुदृढीकरण तथा संस्थागत सुशासन सुदृढीकरणका क्षेत्रमा सुधारात्मक कार्यक्रमहरूलाई निरन्तरता दिएको छ ।

सञ्चालक समितिको धारणा अनुसार आगामी दिनहरूमा निष्क्रिय कर्जा न्यूनीकरण, व्यवसायिक पुनरुत्थान, पूँजी सुदृढीकरण, डिजिटल रूपान्तरण, मानव संसाधन विकास, संस्थागत सुशासन अभिवृद्धि मार्फत संस्थालाई थप सक्षम, दिगो तथा प्रतिस्पर्धी वित्तीय संस्थाको रूपमा विकास गर्न सकिने विश्वास लिइएको छ ।

(घ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध :

संस्था लघुवित्त वित्तीय सेवाको माध्यमबाट ग्रामीण तथा न्यून आय भएका समुदायमा वित्तीय पहुँच विस्तार, वित्तीय समावेशीकरण तथा सामाजिक आर्थिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले सञ्चालन हुँदै आएको छ ।

समीक्षा अवधिमा संस्थाले सदस्य सेवा, कर्जा प्रवाह, बचत परिचालन, वित्तीय साक्षरता तथा महिला सशक्तीकरणका कार्यक्रमहरूलाई निरन्तरता दिएको छ । व्यवसायिक वातावरण चुनौतीपूर्ण रहे तापनि संस्थाले दिगो तथा गुणस्तरीय व्यवसायिक वृद्धिको रणनीति अवलम्बन गरेको छ ।

(ङ) सञ्चालक समितिमा भएको हेरफेर तथा सोको कारण :

समीक्षा अवधिमा संस्थाको मिति २०८२/०२/०५ गतेको अठारौं वार्षिक साधारणसभाबाट निर्वाचित भई निम्नानुसार सञ्चालक समितिको चयन भएको थियो । सञ्चालक समितिको मिति २०८२/०२/०६ गतेको ३६६ औं बैठकले श्री मणि कुमार अर्ज्याललाई अध्यक्षमा चयन गरिएकोमा सञ्चालक समितिको मिति २०८२/०५/०५ गतेको ३७५ औं बैठकले सञ्चालक श्री राज कुमार राईलाई अध्यक्षमा चयन गरेको थियो । त्यसै गरी मिति २०८२/०३/२२ गते बसेको सञ्चालक समितिको ३७१ औं बैठकले श्री भानु भक्त दवाडीलाई स्वतन्त्र सञ्चालकमा नियुक्त गरेको थियो ।

क्र.सं.	पद	नाम र थर	समूह
१.	अध्यक्ष	श्री राज कुमार राई	सर्वसाधारण
२.	सञ्चालक	श्री मणि कुमार अर्ज्याल	संस्थापक
३.	सञ्चालक	श्री सन्तोष फुयल	संस्थापक
४.	सञ्चालक	श्री टेक बहादुर बोहरा	संस्थापक
५.	सञ्चालक	श्री सुधिर कुमार श्रेष्ठ	सर्वसाधारण
६.	सञ्चालक	श्री सञ्जु घिमिरे	सर्वसाधारण
७.	सञ्चालक	श्री भानु भक्त दवाडी	स्वतन्त्र

संस्थापक सञ्चालक श्री टेक बहादुर बोहरालाई नेपाल राष्ट्र बैंक लघुवित्त संस्था सुपरिवेक्षण विभागबाट मिति २०८३/०१/२८ गतेको पत्र संख्या ल.वि./स्थलगत निरीक्षण नेरुडे मिर्मिरे ०८२/८३ च.नं. २६३ मार्फत प्राप्त निर्देशन अनुसार बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ९९ को उप दफा ३ को खण्ड (ग) र नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १०० को उप दफा २ को खण्ड (ङ) बमोजिम नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समिति सदस्यबाट हटाइएको व्यहोरा अनुरोध छ । साथै उक्त रिक्त सञ्चालक पदमा संस्थापक शेयरधनी श्री गणेश प्रसाद आचार्यलाई सञ्चालक समितिको मिति २०८३/०२/१८ गतेको ३९२ औं बैठकले नियुक्त गरेको छ ।

त्यसै गरी स्वास्थ्य समस्याको कारण संस्थापक सञ्चालक श्री मणि कुमार अर्ज्याल र सर्वसाधारण सञ्चालक श्री सुधिर कुमार श्रेष्ठले मिति २०८३/०३/१० गते राजीनामा दिनु भएकोमा सोही दिन बसेको सञ्चालक समितिको ३९६ औं बैठकले वहाँहरुको राजीनामा स्वीकृत गरेको छ ।

(च) वित्तीय संस्थाको कारोबारलाई असर पार्ने मुख्य कुराहरू :

समीक्षा अवधिमा संस्थाको व्यवसायिक तथा वित्तीय कार्यसम्पादनमा केही विषयवस्तुहरु प्रभाव पारेको छ । मर्जरपछिको संस्थागत समायोजन, उच्च निष्क्रिय कर्जा (NPL), पूँजी पर्याप्ततामा आएको दबाब, नेपाल राष्ट्र बैंकको Prompt Corrective Action (PCA), आर्थिक गतिविधिमा आएको सुस्तता, कर्जा असुलीमा आएको चुनौती, नियामकीय अनुपालनका थप दायित्वहरू, सञ्चालन लागत व्यवस्थापनको चुनौती, वित्तीय क्षेत्रको प्रतिस्पर्धात्मक वातावरणहरु मुख्यतः प्रभाव पार्ने तत्वहरु हुन् ।
नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम संस्था समीक्षा अवधिमा Prompt Corrective Action (PCA) लगाएको अवस्था छ । यस अवधिमा संस्थाले नेपाल राष्ट्र बैंकबाट प्राप्त निर्देशनहरूको पालना गर्दै पूँजी व्यवस्थापन, जोखिम न्यूनीकरण, निष्क्रिय कर्जा व्यवस्थापन, सञ्चालन खर्च नियन्त्रण तथा संस्थागत सुशासन सुदृढीकरणमा विशेष ध्यान केन्द्रीत गरेको छ ।

सञ्चालक समिति तथा व्यवस्थापनले नियामकीय अपेक्षाहरूको पूर्ण परिपालना गर्दै संस्थाको वित्तीय स्वास्थ्य सुधार गर्ने दिशामा विभिन्न सुधारात्मक कार्यक्रमहरू सञ्चालन गरेको छ। संस्थाले शीघ्र सुधारात्मक कारवाही फुकुवाको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन समेत दिइसकेको छ ।

सञ्चालक समितिले उल्लेखित चुनौतीहरूको व्यवस्थापन गर्दै संस्थाको वित्तीय स्थायित्व, व्यवसायिक पुनरुत्थान तथा दीर्घकालीन विकासलाई सुनिश्चित गर्ने रणनीति अवलम्बन गरेको छ ।

२. व्यवसायिक तथा वित्तीय कार्यसम्पादन (Business and Financial Performance Review) :

आर्थिक वर्ष २०८१/८२ मा संस्थाले चुनौतीपूर्ण व्यवसायिक तथा वित्तीय वातावरणका बीच आफ्ना सेवा, सञ्चालन तथा व्यवसायिक गतिविधिहरूलाई निरन्तरता दिएको छ। समीक्षा अवधिमा व्यवसायिक पुनर्संरचना, निष्क्रिय कर्जा व्यवस्थापन, लागत नियन्त्रण तथा वित्तीय अनुशासनलाई प्राथमिकतामा राखी कार्य सम्पादन गरिएको छ ।

२.१ प्रमुख व्यवसायिक सूचकहरू (Key Business Indicators) :

विवरण	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३ चैत्र मसान्त
शाखा कार्यालय संख्या	२२५	२२५	२२५
प्रदेश कार्यालय संख्या	५	५	५
केन्द्र संख्या	२२,१३२	२२,२५२	२४,७८३
कूल सदस्य संख्या	२,९८,४५९	३,०३,६९७	३,१३,०६६
कूल ऋणी सदस्य	१,३३,५४४	१,२६,६०६	१,२२,०३६
महिला सदस्य (%)	९०.१६	८९.८१	८९.७०
कर्मचारी संख्या	१,१६३	१,१२१	१,०६०

२.२ वित्तीय सूचकहरू (Key Financial Indicators) :

विवरण	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३ चैत्र मसान्त
कूल कर्जा लगानी (रू. करोड)	२,०१२.२०	१९,५१.४७	१,८३५.९०

कूल निक्षेप संकलन (रू. करोड)	६१४.१३	६४५.९९	७५०.६३
कूल सम्पत्ति (रू. करोड)	२,१२७.११	२,११३.८५	२,०२१.७४
कूल दायित्व (रू. करोड)	१,८६३.०४	१,८६६.३८	१,८४९.०३
कूल पूँजी कोष (रू. करोड)	१७१.८२	१७३.४३	९३.८४
खुद ब्याज आम्दानी (रू. करोड)	९१.१७	१४४.८८	८९.८३
सञ्चालन नाफा/नोक्सान (रू. करोड)	३९.७५	(२०.११)	(७५.९८)
खुद नाफा/नोक्सान (रू. करोड)	३०.१९	(१८.२५)	(७४.६५)

२.३ सम्पत्ति गुणस्तर तथा जोखिम सूचकहरू (Assets Quality and Risk Indicators) :

विवरण	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३ चैत्र मसान्त
निष्क्रिय कर्जा (NPL) %	१०.४१	३१.६४	२४.४९
कर्जा नोक्सानी व्यवस्था (LLP) %		२३.८९	५२.४१
पूँजी पर्याप्तता अनुपात (CAR) %	८.०२	७.७४	४.८०
कोषको लागत (Cost of Fund) %	८.०३	६.३७	९.०५
कर्जा-निक्षेप अनुपात (CD Ratio) %	११७.१९	११२.७२	१०३.२९
कूल सम्पत्तिमा प्रतिफल (ROA) %	१.८९	(०.८६)	(३.६१)
स्वपूँजीमा प्रतिफल (ROE) %	१५.३३	(७.१४)	(३५.५३)

२.४ शाखागत व्यवसायिक अवस्था (Branch Network Performance) :

विवरण	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३ चैत्र मसान्त
कुल शाखा	२२५	२२५	२२५
नाफामा रहेका शाखा	१५७	९३	१०३
नोक्सानमा रहेका शाखा	६८	१३२	१२२
नाफामा रहेका शाखाको प्रतिशत	६९.७७	४१.३३	४५.७८
नोक्सानमा रहेका शाखाको प्रतिशत	३०.२३	५८.६७	५४.२२

२.५ व्यवसायिक उपलब्धि र चुनौती (Achievements and Challenges) :

प्रमुख उपलब्धिहरू :

- संस्थागत तथा व्यवसायिक पुनर्संरचना कार्य प्रारम्भ ।
- निष्क्रिय कर्जा व्यवस्थापन अभियान सञ्चालन ।
- सञ्चालन खर्च नियन्त्रणका उपायहरू कार्यान्वयन ।
- संस्थागत सुशासन तथा आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण ।
- मानव संसाधन तथा डिजिटल रूपान्तरणका कार्यक्रमहरूको विस्तार ।
- AI तथा Learning Management System सम्बन्धी प्रारम्भिक रणनीतिक तयारी ।

प्रमुख चुनौतीहरू :

- उच्च निष्क्रिय कर्जा अनुपात ।
- पूँजी पर्याप्ततामा दबाब ।
- व्यवसाय विस्तारको सीमितता ।
- शाखागत उत्पादकत्वमा असमानता ।
- नियामकीय तथा बजारगत चुनौतीहरू ।
- Post-merger stabilization प्रक्रिया ।

२.६ व्यवस्थापनको निष्कर्ष :

आर्थिक वर्ष २०८१/८२ संस्थाको लागि व्यवसायिक विस्तारको भन्दा पनि व्यवसायिक स्थायित्व, जोखिम व्यवस्थापन, वित्तीय पुनर्संरचना तथा संस्थागत सुदृढीकरणको वर्षको रूपमा रहेको छ । समीक्षा अवधिमा हासिल गरिएका अनुभव, सुधारात्मक कार्यक्रमहरू तथा रणनीतिक योजनाहरु कार्यान्वयनको आधारमा संस्थाले आगामी आर्थिक वर्षमा व्यवसायिक पुनरुत्थान, निष्क्रिय कर्जा न्यूनीकरण, पूँजी सुदृढीकरण तथा दिगो वृद्धिलाई प्राथमिकताका साथ अगाडि बढाउने लक्ष्य राखेको छ ।

३. संस्थागत सुशासन तथा सञ्चालक समिति (Board and Corporate Governance) :

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थागत सुशासनलाई आफ्नो दीर्घकालीन विकास, वित्तीय स्थायित्व तथा सरोकारवालाहरूको विश्वास अभिवृद्धिको आधारस्तम्भको रूपमा आत्मसात गरेको छ । संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (BAFIA), कम्पनी ऐन, २०६३, नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन तथा प्रचलित कानूनी व्यवस्थाहरूको पूर्ण पालना गर्दै आफ्नो कार्य सञ्चालन गर्दै आएको छ ।

समीक्षा अवधिमा सञ्चालक समितिले संस्थाको वित्तीय स्वास्थ्य सुधार, जोखिम व्यवस्थापन, संस्थागत पुनर्संरचना, नियामकीय अनुपालन तथा दीर्घकालीन रणनीतिक दिशालाई प्राथमिकतामा राखी कार्य सम्पादन गरेको छ ।

३.१ सञ्चालक समितिको संरचना (Composition of the Board of Directors) :

समीक्षा अवधिमा संस्थाको सञ्चालक समिति प्रचलित कानून, प्रबन्धपत्र तथा नियमावली बमोजिम गठन भई संस्थाको नीतिगत, रणनीतिक तथा निगरानी सम्बन्धी जिम्मेवारी निर्वाह गर्दै आएको छ ।

सञ्चालक समितिको विवरण :

क्र.सं.	नाम	पद
१	श्री राज कुमार राई	अध्यक्ष
२	श्री मणि कुमार अर्ज्याल	सञ्चालक
३	श्री सन्तोष फुयल	सञ्चालक
४	श्री सुधिर कुमार श्रेष्ठ	सञ्चालक
५	श्री टेक बहादुर बोहरा	सञ्चालक
६	श्री सञ्जु घिमिरे	सञ्चालक
७	श्री भानु भक्त दवाडी	स्वतन्त्र सञ्चालक

संस्थापक सञ्चालक श्री टेक बहादुर बोहरालाई नेपाल राष्ट्र बैंक लघुवित्त संस्था सुपरिवेक्षण विभागबाट मिति २०८३/०१/२८ गतेको निर्देशन अनुसार हटाइएकोमा सञ्चालक समितिको मिति २०८३/०१/३० गते कार्यान्वयन गरेको र उक्त रिक्त सञ्चालक पदमा मिति २०८३/०२/१८ गते श्री गणेश प्रसाद आचार्यलाई नियुक्त गरेको छ ।

संस्थापक सञ्चालक श्री मणि कुमार अर्ज्याल र सर्वसाधारण सञ्चालक श्री सुधिर कुमार श्रेष्ठले स्वास्थ्यको कारण जनाई मिति २०८३/०३/१० गते दिनु भएको राजीनामा सञ्चालक समितिको मिति २०८३/०३/१० गते बसेको बैठक नं. ३९६ बाट स्वीकृत गरिएको छ ।

३.२ सञ्चालक समितिका बैठकहरू (Board Meetings) :

आर्थिक वर्ष २०८१/८२ मा सञ्चालक समितिको ३० वटा बैठकहरू सम्पन्न भएका छन् । बैठकहरूमा संस्थाको व्यवसायिक अवस्था, वित्तीय कार्यसम्पादन, जोखिम व्यवस्थापन, नियामकीय अनुपालन, पूँजी पर्याप्तता, निष्क्रिय कर्जा व्यवस्थापन, संस्थागत पुनर्संरचना तथा रणनीतिक विषयहरूमा व्यापक छलफल तथा निर्णयहरू गरिएको छ ।

बैठक विवरण :

विवरण	संख्या
सञ्चालक समितिको बैठक	३०
लेखा समितिको बैठक	१२
जोखिम व्यवस्थापन समितिको बैठक	५
कर्मचारी सेवा सुविधा समितिको बैठक	६
सम्पत्ति शुद्धीकरण अनुगमन समिति	५

३.३ समीक्षा अवधिका प्रमुख निर्णयहरू (Major Decisions of the Board) :

समीक्षा अवधिमा सञ्चालक समितिले निम्न प्रमुख विषयहरूमा नीतिगत तथा रणनीतिक निर्णयहरू गरेको छ ।

- संस्थाको वार्षिक बजेट तथा व्यवसायिक योजना स्वीकृत ।
- निष्क्रिय कर्जा व्यवस्थापन तथा Recovery Action Plan स्वीकृत ।
- संस्थागत पुनर्संरचना तथा शाखागत समीक्षा ।
- संस्थागत नीतिहरु स्वीकृत तथा सुधार कार्यक्रम ।
- संस्थागत सुशासनका सम्बन्धमा नीतिगत निर्णयहरु ।
- सूचना प्रविधि तथा साइबर सुरक्षा सुदृढीकरण ।
- विभिन्न नीति, निर्देशिका तथा कार्यविधिहरूको स्वीकृति ।

३.४ उपसमितिहरू (Board Committees) :

सञ्चालक समितिलाई प्रभावकारी रूपमा सहयोग पुर्याउन विभिन्न उपसमितिहरू गठन गरी सञ्चालन गरिएको छ ।

(क) लेखापरीक्षण समिति
(ख) जोखिम व्यवस्थापन समिति
(ग) कर्मचारी सेवा सुविधा समिति
(घ) सम्पत्ति शुद्धीकरण अनुगमन समिति

३.५ सञ्चालकहरूको क्षमता विकास (Directors' Capacity Development) :

समीक्षा अवधिमा संस्थाका सञ्चालकहरूले Banking, Corporate Governance, Risk Management तथा Regulatory Compliance सम्बन्धी विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रमहरूमा सहभागिता जनाउनुभएको छ । यस किसिमका कार्यक्रमहरुले संस्थागत सुशासन तथा रणनीतिक नेतृत्व क्षमताको अभिवृद्धिमा योगदान पुर्याएको विश्वास गरिएको छ ।

३.६ संस्थागत सुशासनप्रतिको प्रतिबद्धता :

सञ्चालक समिति संस्थालाई थप पारदर्शी, उत्तरदायी, सुशासित तथा दिगो वित्तीय संस्थाको रूपमा विकास गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको छ । संस्थाले आगामी दिनहरूमा संस्थागत सुशासन, जोखिम व्यवस्थापन, नियामकीय अनुपालन, पारदर्शिता, उत्तरदायित्व, नैतिक व्यवसायिक अभ्यासलाई थप सुदृढ गर्दै दीर्घकालीन संस्थागत विकासको लक्ष्य हासिल गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

४. जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण (Risk Management and Internal Control) :

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडले जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई संस्थागत सुशासन, वित्तीय स्थायित्व तथा दिगो विकासको आधारभूत अंगका रूपमा आत्मसात गरेको छ । संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियामकीय व्यवस्था अनुसार जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्दै आएको छ ।

४.१ आन्तरिक नियन्त्रण प्रणाली :

यस वित्तीय संस्थाले आन्तरिक नियन्त्रणको लागि प्रशासनिक नियन्त्रण, बजेटरी नियन्त्रण, कम्प्यूटरकृत सूचना प्रणाली, नियमित अनुगमन र सक्षम आन्तरिक लेखापरीक्षण जस्ता उपायको अनुशरण गर्दै आएको छ । यसैगरी आर्थिक प्रशासन विनियमावली, कर्मचारी सेवा विनियमावली, कार्य संचालन निर्देशिका, आन्तरिक लेखापरीक्षण निर्देशिका, जोखिम व्यवस्थापन नीति, कर्जा असुली नीति, कर्जा अपलेखन विनियमावली, नगद सञ्चालन निर्देशिका, समूह प्रवेश/पूर्व तालिम निर्देशिका, कर्जा नीति, ग्राहक संरक्षण कोष संचालन कार्यविधि, आन्तरिक नियन्त्रण कार्यविधि लगायतका विनियामावली, नीति कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ ।

आन्तरिक लेखापरीक्षण कार्य थप प्रभावकारी र मितव्ययी बनाउन आन्तरिक लेखापरीक्षण विभाग मातहतका कर्मचारीहरुलाई केन्द्रीय कार्यालयको अलावा प्रदेश कार्यालयहरू विराटनगर, बर्दिबास, भरतपुर र बुटवलमा मुकाम राखी कार्यक्षेत्रहरु तोकी खटाइएको छ । लेखापरीक्षण, निरीक्षणको दौरान देखापरेका आर्थिक तथा गैरआर्थिक कैफियतहरुको आधारमा कर्मचारी सेवा विनियमावलीको अधिनमा रही अनुशासनमा ल्याउने काम भई राखेको छ ।

नेपाल राष्ट्र बैंकको निर्देशन र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा २६ र दफा २७ मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले आफ्नो जवाफदेहीतामा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरी प्रत्येकको काम कर्तव्य र अधिकार तोकी समितिहरुलाई देहाय बमोजिम क्रियाशील बनाएको कारणबाट पनि आन्तरिक नियन्त्रण व्यवस्था बलियो र भरपर्दो रहेको छ ।

४.२ जोखिम व्यवस्थापन समिति :

२०८२ आषाढ मसान्तमा सञ्चालक श्री सन्तोष फुयलको संयोजकत्वमा सञ्चालक श्री राज कुमार राई पदेन सदस्य र व्यवस्थापनबाट २ जना विभागीय प्रमुख कर्मचारीहरु सहित चार सदस्यीय जोखिम व्यवस्थापन समितिको व्यवस्था थियो । हाल सञ्चालक श्री सन्जु घिमिरेको संयोजकत्वमा, सञ्चालक श्री सन्तोष फुयल पदेन सदस्य र व्यवस्थापनबाट ३ जना विभागीय प्रमुखहरु सहित पाँच सदस्य रहेको जोखिम व्यवस्थापन समिति क्रियाशील छ । यस समितिले वित्तीय संस्थामा जोखिम न्यूनीकरणका लागि नियमित रुपमा बैठक बसी छलफल गर्ने, अध्ययन र विश्लेषण गरी संस्थामा जोखिम हुन नदिन आवश्यक कार्य गरिरहेको छ । साथै, संस्थामा विद्यमान जोखिमको अवस्था र उक्त जोखिम व्यवस्थापनका लागि चाल्नु पर्ने कदमहरु सहितको प्रतिवेदन तयार गरी सञ्चालक समिति समक्ष पेश गर्ने कार्य नियमित रुपमा गर्दै आएको छ । आर्थिक वर्ष २०८१/८२ मा जोखिम व्यवस्थापन समितिको बैठक ५ पटक बसेको छ ।

४.३ कर्मचारी सेवा सुविधा समिति :

कर्मचारीहरुले सम्पादन गर्नुपर्ने कार्य विवरण, लक्ष्य र प्रगति मूल्याङ्कनका परिसूचकहरु विकास गरी सो बमोजिम निजहरुको कार्यसम्पादन मूल्याङ्कन प्रणालीको पुनरावलोकन गर्ने, जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरु भर्ना, छनौट, नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, वृत्ति विकास, कार्यसम्पादन मूल्याङ्कन, पुरस्कार तथा सजाय र श्रम सम्बन्धी योजना, नीति तथा मापदण्डहरु तयार गरी सञ्चालक समिति समक्ष सिफारिस गर्ने लगायतका कार्यहरु गर्ने गरी २०८२ आषाढ मसान्तमा सञ्चालक श्री टेक बहादुर बोहराको संयोजकत्वमा व्यवस्थापनबाट प्रमुख कार्यकारी अधिकृत सहित चार सदस्य रहेको कर्मचारी सेवा सुविधा समिति गठन भई कार्य भइराखेकोमा हाल सो समितिको संयोजक सञ्चालक श्री भानु भक्त दवाडी हुनुहुन्छ । आर्थिक वर्ष २०८१/८२ मा कर्मचारी सेवा सुविधा समितिको बैठक ६ पटक बसेको छ ।

४.४ लेखापरीक्षण समिति :

संस्थाको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षणमा औंल्याएका विषयहरुमा आवधिक रुपमा समीक्षा गरी सो सम्बन्धमा अपनाउनु पर्ने कदम बारे व्यवस्थापनलाई आवश्यक निर्देशन दिई सो सम्बन्धी सुझाव सञ्चालक समितिमा पेश गर्ने, लेखापरीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औंल्याएका कैफियतहरु उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिन, नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरवेक्षण गरी प्रतिवेदनमा औंल्याएका कैफियतहरु कार्यान्वयन भए/नभएको समीक्षा गर्ने, आन्तरिक लेखापरीक्षण सम्बन्धी विस्तृत कार्य प्रणाली तयार गरी सोको आधारमा आन्तरिक लेखापरीक्षण गराउने लगायतका कार्यहरु गर्नेगरी २०८२ आषाढ मसान्तमा सञ्चालक श्री राज कुमार राई संयोजक, सञ्चालक श्री सुधिर कुमार श्रेष्ठ सदस्य र आन्तरिक लेखापरीक्षण विभाग प्रमुख सदस्य सचिव रहने गरी ३ सदस्य रहेको लेखापरीक्षण समिति क्रियाशील थियो । हाल सञ्चालक श्री सन्तोष फुयल संयोजक, सञ्चालक श्री मणि कुमार अर्ज्याल सदस्य र आन्तरिक लेखापरीक्षण विभाग प्रमुख सदस्य सचिव रहने गरी तीन सदस्य रहेको लेखापरीक्षण समिति गठन भई सोही अनुसार कार्य भइरहेको छ । समीक्षा वर्षमा लेखापरीक्षण समितिको बैठक १२ पटक बसेको छ ।

४.५ सम्पत्ति शुद्धीकरण अनुगमन समिति :

नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम एकीकृत निर्देशनमा भएका व्यवस्थाहरुको अनुपालना तथा सम्पत्ति शुद्धीकरण सम्बन्धि प्रचलित कानुन तथा व्यवस्थाहरुको परिपालना गरी सम्पत्ति शुद्धीकरण अनुगमन सम्बन्धी कार्य गर्ने गरी २०८२ आषाढ मसान्तसम्म्मा संचालक श्री सन्जु घिमिरेको संयोजकत्वमा व्यवस्थापनबाट

प्रमुख कार्यकारी अधिकृत सहित चार सदस्य रहेको सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन भई कार्य भइराखेकोमा हाल सो समितिको संयोजक सञ्चालक श्री सुधिर कुमार श्रेष्ठ हुनुहुन्छ । समीक्षा वर्षमा सम्पत्ति शुद्धीकरण अनुगमन समितिको बैठक ५ पटक बसेको छ ।

आगामी कार्यदिशा: आर्थिक वर्ष २०८३/८४ मा संस्थाले निष्क्रिय कर्जा न्यूनीकरण, पूँजी पर्याप्तता सुदृढीकरण, Recovery Governance, Enterprise Risk Management, Cyber Security, Internal Control System, Compliance Culture लाई थप सुदृढ गर्ने रणनीति अवलम्बन गर्नेछ ।

५. मानव संसाधन तथा क्षमता विकास (Human Resource and Capacity Development) :

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडले मानव संसाधनलाई संस्थाको सबैभन्दा महत्वपूर्ण सम्पत्ति तथा दीर्घकालीन सफलताको आधारका रूपमा लिँदै आएको छ । समीक्षा अवधिमा संस्थाले मानव संसाधन व्यवस्थापन, क्षमता विकास, नियामकीय अनुपालन तथा प्रविधिमैत्री सिकाई प्रणालीको विकासलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ ।

५.१ मानव संसाधन व्यवस्थापन (Human Resource Management) :

समीक्षा अवधिमा संस्थाले मानव संसाधन व्यवस्थापनलाई थप प्रभावकारी बनाउन विभिन्न नीतिगत तथा व्यवस्थापकीय सुधारहरू कार्यान्वयन गरेको छ ।

विशेष गरी :

- कर्मचारी व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित बनाउने ।
- कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने ।
- आवश्यकता आधारित कर्मचारी सरुवा नीति कार्यान्वयन गर्ने ।
- संगठनात्मक संरचनाको पुनरावलोकन ।
- दक्षता तथा योग्यताका आधारमा जिम्मेवारी निर्धारण ।
- कर्मचारी उत्तरदायित्व तथा कार्यसम्पादन संस्कृतिको विकास ।
- कर्मचारी मनोबल तथा संस्थाप्रतिको अपनत्व अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन ।

प्रमुख मानव संसाधन सूचकहरू :

विवरण	संख्या २०८१/०८२ आषाढ	कैफियत	२०८३ जेष्ठ मसान्त
कूल कर्मचारी	११२१		१०४९
महिला कर्मचारी	४२२		४०९
पुरुष कर्मचारी	६९९		६४०
नयाँ नियुक्ति	९३	२ जना आई.टि. ९१ जना कार्यालय सहयोगी	-
सेवा समाप्त	१२७	९० जना कार्यालय सहयोगी ३७ जना अन्य	-
सरुवा संख्या	२४८		३७२

५.२ तालिम तथा क्षमता विकास (Training and Capacity Development) :

संस्थाले कर्मचारीहरूको व्यावसायिक दक्षता, ज्ञान तथा कार्यसम्पादन अभिवृद्धिका लागि विभिन्न क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरेको छ । समीक्षा अवधिमा विशेष गरी कर्जा तथा असुली व्यवस्थापन, नेतृत्व

विकास, ग्राहक सेवा तथा अन्तरवैयक्तिक सम्बन्ध, संस्थागत सुशासन, जोखिम व्यवस्थापन, AML/CFT सम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

समीक्षा वर्षमा ३११ जना कर्मचारीहरुलाई आन्तरिक तथा बाह्य तालिम सेमिनार तथा गोष्ठीहरुमा सहभागिता गराइएको छ । उक्त विवरणहरु नियामकीय निकायले निर्देशन गरे बमोजिम संस्थाको वेबसाइटमा समेत राखिएको छ ।

५.३ कृतिम बुद्धिमता (Artificial Intelligence (AI) Adoption) :

संस्थाले भविष्यको कार्यसंस्कृति, उत्पादकत्व तथा ज्ञान व्यवस्थापनलाई दृष्टिगत गर्दै Artificial Intelligence (AI) को संस्थागत प्रयोगका लागि प्रारम्भिक रणनीतिक तयारी गरेको छ ।
AI को सम्भावित प्रयोग क्षेत्रहरू Management Information System (MIS, Customer Service Grievance handling, Staff Training & Development, Content Development, Digital Learning, Knowledge Management, Data Analytics लगायत रहेका छन् ।

संस्थाले AI को प्रयोगलाई सुरक्षित, जिम्मेवार तथा नियामकीय व्यवस्थाअनुरूप कार्यान्वयन गर्ने नीति अवलम्बन गरेको छ ।

५.४ आगामी कार्यदिशा :

आर्थिक वर्ष २०८३/८४ मा मानव संसाधन तथा क्षमता विकासका प्रमुख प्राथमिकताहरू निम्न रहनेछन्:
Competency Based HR Management, Performance Linked Learning, Leadership Development Program, Learning Management System (LMS) सञ्चालन, Digital Learning Content Development, AI Adoption Roadmap कार्यान्वयन, Training Need Assessment (TNA) प्रणाली सुदृढीकरण, Succession Planning, Employee Productivity Improvement, Innovation एवं Continuous Learning Culture को विकास गरिँदै लगिनेछ ।

संस्थाको दीर्घकालीन सफलता सक्षम, नैतिक, उत्तरदायी तथा निरन्तर सिक्ने मानव संसाधनमा निर्भर रहने विश्वासका साथ संस्थाले मानव संसाधन विकासलाई रणनीतिक प्राथमिकताका रूपमा निरन्तर अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दछ । प्रविधिमैत्री सिकाई, कृत्रिम बौद्धिकताको विवेकपूर्ण प्रयोग तथा निरन्तर क्षमता अभिवृद्धिमार्फत संस्थालाई भविष्य उन्मुख, दक्ष र प्रतिस्पर्धी लघुवित्त वित्तीय संस्थाका रूपमा विकास गर्ने लक्ष्यका साथ आगामी कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

६. सूचना प्रविधि तथा डिजिटल रूपान्तरण (Information Technology and Digital Transformation) :

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडले सूचना प्रविधिलाई संस्थागत दक्षता, जोखिम व्यवस्थापन, सेवा गुणस्तर तथा दीर्घकालीन प्रतिस्पर्धात्मक क्षमताको महत्वपूर्ण आधारका रूपमा लिँदै आएको छ । समीक्षा अवधिमा संस्थाले डिजिटल पूर्वाधार सुदृढीकरण, सूचना सुरक्षा, मानव संसाधन व्यवस्थापन प्रणाली तथा भविष्य उन्मुख प्रविधिको प्रयोगका लागि आवश्यक आधार निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखेको छ ।

६.१ Core Banking System (CBS) :

संस्थाले आफ्नो सम्पूर्ण शाखा सञ्जाललाई Core Banking System (CBS) मार्फत एकीकृत रूपमा सञ्चालन गर्दै आएको छ। समीक्षा अवधिमा CBS प्रणालीको स्थायित्व, डेटा शुद्धता, व्यवस्थापकीय प्रतिवेदन प्रणाली तथा सञ्चालन प्रक्रियाको प्रभावकारिता अभिवृद्धिका लागि विभिन्न सुधारात्मक पहलहरू गरिएको छ। तत्कालीन अवस्थामा नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षणको क्रममा देखिएका कैफियतहरु सुधार तथा दिइएको सुझावहरु पालना गरिएको छ। निरीक्षणको क्रममा कर्जा नोक्सानी व्यवस्था आम्दानी हिसाबको ८१.५५ करोडको प्रति सदस्य विवरणहरु उपलब्ध गराउन नसकेको तथा अन्य विवरणहरु समेत समयमा उपलब्ध हुन नसकेको अवस्थाले यस भन्दा अगाडि Nepal Finsoft कम्पनीको Empower Software सञ्चालनमा रहेकोमा उक्त CBS Software परिवर्तन गरी Uranus Tech Software सञ्चालनमा ल्याएको छ। मानव संसाधन व्यवस्थापनको लागि Nimble Software प्रयोग गरिरहेकोमा सो व्यवस्थापन समेत Uranus Tech बाट नै हुने गरी Software व्यवस्थापन गरिएको छ।

संस्थाले आगामी दिनमा CBS प्रणालीको स्तरोन्नति Digitalization तथा व्यवसायिक आवश्यकता अनुसार थप परिमार्जन गर्ने रणनीति अवलम्बन गरेको छ।

६.२ Human Resource Management System (HRMS) :

मानव संसाधन व्यवस्थापनलाई थप प्रभावकारी, पारदर्शी तथा डिजिटल प्रणालीमा आधारित बनाउन Human Resource Management System (HRMS) Nimble सफ्टवेयरबाट Uranus मा ल्याइएको छ। यसले खर्च सँगसँगै कर्मचारीहरुको उत्पादकत्व मापन, विवरण अद्यावधिकता लगायतका कार्यहरु गर्ने गरी व्यवस्था गरिएको छ।

६.३ Learning Management System (LMS) :

त्यसै गरी संस्थाले कर्मचारीहरूको निरन्तर सिकाई तथा क्षमता विकासलाई संस्थागत गर्न Learning Management System (LMS) कार्यान्वयनको प्रारम्भिक कार्य सम्पन्न गरेको छ।
LMS मार्फत Online Learning, Digital Assessment, Certification Management, Training Records, Continuous Professional Development, प्रणालीलाई क्रमशः संस्थागत गर्ने लक्ष्य राखिएको छ।

डिजिटल प्रणालीको विस्तारसँगै सूचना सुरक्षा तथा साइबर सुरक्षालाई संस्थाले उच्च प्राथमिकतामा राखेको छ।

६.४ आगामी कार्यदिशा :

आर्थिक वर्ष २०८३/८४ मा संस्थाले CBS प्रणालीको स्तरोन्नति, HRMS को पूर्ण कार्यान्वयन, LMS को पुर्ण कार्यान्वयन, Cyber Security Governance सुदृढीकरण, Digital Reporting System विकास, Data Analytics को प्रयोग, AI Roadmap कार्यान्वयनलाई प्राथमिकताका साथ अघि बढाउने लक्ष्य लिएको छ।

७. सामाजिक उत्तरदायित्व, ग्राहक संरक्षण तथा वित्तीय साक्षरता (Corporate Social Responsibility, Customer Protection and Financial Literacy) :

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडले वित्तीय सेवा प्रवाहलाई मात्र आफ्नो उद्देश्य नठानी वित्तीय समावेशीकरण, सामाजिक उत्तरदायित्व, ग्राहक संरक्षण तथा वित्तीय साक्षरतालाई संस्थागत दायित्वका रूपमा आत्मसात गरेको छ । संस्थाले "समृद्धिको लागि सँगसँगै" भन्ने मूल भावनालाई व्यवहारमा उतार्दै ग्रामीण तथा विपन्न समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरणमा निरन्तर योगदान पुर्‍याउँदै आएको छ ।

७.१ सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) :

समीक्षा अवधिमा संस्थाले वित्तीय समावेशीकरण, महिला सशक्तीकरण, समुदायसँगको सहकार्य तथा सामाजिक उत्तरदायित्वका कार्यक्रमहरूलाई निरन्तरता दिएको छ । संस्थाले सेवा क्षेत्रभित्र आर्थिक, सामाजिक तथा सामुदायिक विकासलाई प्रोत्साहन गर्ने विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ ।

यस वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वृक्षारोपण कार्यक्रम, विपन्न विद्यार्थीहरुलाई पोशाक सहयोग, नेपाल रेडक्रस सोसाइटी, पिङ्क रोज एड्भरटाइजिङ सर्भिस काठमाडौं, प्रहरी चौकी बौनिया, नव प्रतिभा युवा क्लब बझाङ झोतालाई सहयोग साथै, आर्थिक एवं भौतिक सामग्री सहयोग प्रदान गरिएको थियो । सोको अलावा सांस्कृतिक प्रवर्द्धन, ग्लोबल मनी सप्ताह-२०२५, कार्यक्रम, वित्तीय साक्षरता जस्ता विभिन्न कार्यक्रमहरु गर्दै संस्थाले सामाजिक उत्तरदायित्व पूरा गर्दै आएको छ । समीक्षा वर्षमा सामाजिक उत्तरदायित्व कोषबाट रु. १,९६,१८५/२१ खर्च भएको छ । यस कोषमा २०८२ आषाढ मसान्तसम्ममा रु. ६६,३५,७३/६९ मौज्दात संचित रहेको छ। आ.व. २०८१/०८२ मा सञ्चालित कार्यक्रमहरूको विस्तृत विवरण देहाय बमोजिम छ :

क्र.सं.	कार्यालय तथा कार्यक्रमहरु	रकम
१	अमौरी शाखामा वृक्षारोपण कार्यक्रम गरिएको ।	४,०००.००
२	दिब्यनगर शाखामा वृक्षारोपण कार्यक्रम गरिएको गरिएको ।	१५,०००.००
३	लेगुवा शाखामा विपन्न विद्यार्थीहरुलाई पोशाक सहयोग गरिएको ।	१५,०००.००
४	हिले शाखामा सांस्कृतिक कार्यक्रममा सहयोग ।	३,०००.००
५	बाहुनी शाखाद्वारा नेपाल रेडक्रस सोसाइटीलाई चेक प्रदान गरिएको ।	३,०००.००
६	झोता शाखाद्वारा महोत्सवका लागि नव प्रतिभा युवा क्लबलाई सहयोग वापत नगद भुक्तानी गरिएको ।	५,०००.००
७	बदालपुर शाखाद्वारा ग्लोबल मनी सप्ताह-२०२५, कार्यक्रम गरिएको ।	५,०००.००
८	शमशेरगञ्ज शाखामा ग्लोबल मनी विक २०२५ कार्यक्रम खर्च गरिएको ।	५,०००.००
९	रजहर शाखामा वित्तीय साक्षरता कार्यक्रम गरिएको ।	४५,९६२.६१
१०	भरतपुर वित्तीय साक्षरता कार्यक्रम गरिएको ।	५६,२८२.६०
११	बौनिया शाखामा.स्थानिय प्रहरी चौकीलाई वाटर फिल्टर प्रदान गरिएको ।	४,०००.००
१२	मटेहिया शाखामा वित्तीय साक्षरता कार्यक्रमको खर्च भुक्तानी गरिएको ।	६,९४०.००
१३	"समृद्ध बनेपा सुन्दर धुलिखेल हरित पनौती कार्यक्रम" को लागि खर्च भुक्तानी गरिएको	८,०००.००
१४	लुम्बिनी प्रदेशमा तिलोत्तमा-७, रुपन्देहीमा भएको कर्पोरेट सुपर सिक्स क्रिकेट प्रतियोगिताका लागि आर्थिक सहयोग गरिएको ।	२०,०००.००
	कूल जम्मा	१९६,१८५.२१

७.२ ग्राहक संरक्षण (Customer Protection) :

संस्थाले ग्राहकको हित संरक्षण, पारदर्शिता तथा उत्तरदायी सेवा प्रवाहलाई प्राथमिकतामा राखेको छ। यसका लागि ग्राहकमैत्री सेवा प्रवाह, गुनासो व्यवस्थापन प्रणाली, वित्तीय उपभोक्ता अधिकार संरक्षण, पारदर्शी सूचना प्रवाह, जिम्मेवार कर्जा अभ्यासलाई संस्थागत रूपमा कार्यान्वयन गर्दै आएको छ।

ग्राहक संरक्षण कोषबाट वित्तीय संस्थामा आवद्ध ग्राहक सदस्यहरुको दीर्घरोगका लागि औषधि उपचार राहत, सदस्य प्रसुती स्याहार तथा पोषण खर्चको लागि राहत, सदस्य तथा अभिभावकको मृत्यु हुँदा राहत, सीपमूलक तालिम, सदस्य र अभिभावक भेला, उत्कृष्ट समूहलाई पुरस्कार, सदस्य गुनासो सुनवाई, व्यवसायिक तालिम, प्राकृतिक विपत्तिमा आर्थिक राहत, अध्ययन अवलोकन भ्रमण, नेतृत्व तथा क्षमता अभिवृद्धिमा अवसर, केन्द्र प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता, आदि कार्यक्रममा ग्राहक संरक्षण कोष परिचालन गरिएको छ। आर्थिक वर्ष २०८१/८२ ग्राहक संरक्षण कोषबाट उल्लेखित प्रयोजनको लागि रु. १,४३,९३,५१५/- खर्च भएको छ। सो कोषमा २०८२ आषाढ मसान्तसम्ममा रु. २४,६०,१२,२१२/७५ मौज्दात रहेको छ। आ.व. २०८१/०८२ मा सञ्चालित कार्यक्रमहरूको विस्तृत विवरण देहाय बमोजिम छ :

Annexes	Facility Name	Count No.	Amount NRS.
8.1.2(ka)	Death-Member	130	**871,500.00**
8.1.2(kha)	Death-Spouse	295	**2,291,000.00**
8.1.2(kha)	Death-Family Member	493	**2,445,000.00**
8.2.2(ka)	Disaster (Flood Landslide Fire)	18	**86,000.00**
8.2.2(Kha)	Punarsthapana Expenses	24	**601,000.00**
8.4.1 (ka)	Incentive Expenses(See)	1	**5,000.00**
8.4.1 (kha)	Incentive Expenses(+2)	1	**2,000.00**
8.4.2.1(Ga)	Critical Disease Expenses	166	**1,047,000.00**
8.4.2.1(Gha)	Snake Bite	11	**22,000.00**
8.4.2.1(ka)	Medical Expenses	1	**7,000.00**
8.4.3(Ka)	Maternity Expenses	1113	**2,224,000.00**
	Facility Distribution Sub Total :	**2323**	**9,601,500.00**
8.5.1(Ka & Kha)	**2. Center Chief Seminar & Financial Literacy Expenses**	**124 Branches**	**4,792,015.00**
	Total :		**14,393,515.00**

७.३ वित्तीय साक्षरता (Financial Literacy) :

संस्थाले सदस्य तथा ग्राहकहरूको वित्तीय ज्ञान, सीप तथा सचेतना अभिवृद्धि गर्न वित्तीय साक्षरता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। समीक्षा अवधिमा विशेष गरी बचत तथा वित्तीय अनुशासन, जिम्मेवार कर्जा उपयोग, उद्यमशीलता विकास, वित्तीय उपभोक्ता अधिकार, डिजिटल वित्तीय सेवाको प्रयोग सम्बन्धी अभिमुखीकरण तथा सचेतना कार्यक्रमहरू सञ्चालन गरिएको छ।

संस्थाले आगामी दिनहरूमा पनि वित्तीय समावेशीकरण, ग्राहक संरक्षण, महिला सशक्तीकरण, वित्तीय साक्षरता तथा सामाजिक उत्तरदायित्वका कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउँदै दिगो तथा समावेशी विकासप्रतिको आफ्नो प्रतिबद्धतालाई निरन्तरता दिनेछ।

८. आगामी वर्षको रणनीतिक दिशा (Strategic Priorities for FY 2083/84) :

आर्थिक वर्ष २०८३/८४ लाई नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थागत पुनरुत्थान, वित्तीय सुदृढीकरण तथा दिगो व्यवसायिक वृद्धिको वर्षको रूपमा लिएको छ। समीक्षा अवधिमा प्राप्त अनुभव, चुनौती तथा अवसरहरूको आधारमा संस्थाले आगामी वर्षका लागि निम्न रणनीतिक प्राथमिकताहरू निर्धारण गरेको छ।

८.१ निष्क्रिय कर्जा न्यूनीकरण तथा कर्जा असुली :

संस्थाको प्रमुख प्राथमिकता निष्क्रिय कर्जा न्यूनीकरण तथा कर्जा असुली प्रभावकारी बनाउने रहनेछ। यसका लागि विशेष कर्जा असुली अभियान, शाखागत कार्यसम्पादन अनुगमन, Recovery Action Plan तथा समस्या कर्जाको व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ।

८.२ पूँजी सुदृढीकरण तथा वित्तीय स्थायित्व :

संस्थाको वित्तीय स्वास्थ्य सुधार गर्न पूँजीकोष सुदृढीकरण, सञ्चालन खर्च नियन्त्रण, जोखिमयुक्त सम्पत्तिको व्यवस्थापन तथा वित्तीय अनुशासनलाई प्राथमिकतामा राखिनेछ। नियामकीय मापदण्डहरूको पूर्ण पालना गर्दै संस्थालाई दीर्घकालीन रूपमा वित्तीय रूपमा सक्षम बनाउने लक्ष्य राखिएको छ।

८.३ व्यवसायिक पुनर्संरचना तथा उत्पादकत्व अभिवृद्धि :

शाखागत कार्यसम्पादन, कर्मचारी उत्पादकत्व तथा सञ्चालन दक्षताको नियमित समीक्षा गर्दै व्यवसायिक पुनर्संरचना कार्यक्रमलाई निरन्तरता दिइनेछ। व्यवसाय विस्तारभन्दा गुणस्तरीय तथा दिगो व्यवसायिक वृद्धिमा जोड दिइनेछ।

८.४ मानव संसाधन विकास तथा क्षमता अभिवृद्धि :

मानव संसाधनलाई संस्थाको प्रमुख सम्पत्तिका रूपमा विकास गर्न क्षमता विकास, कार्यसम्पादन व्यवस्थापन, डिजिटल सिकाइ तथा नेतृत्व विकास कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ। Learning Management System (LMS) तथा AML/CFT Certification Program लाई संस्थागत गरिनेछ।

८.५ सूचना प्रविधि तथा डिजिटल रूपान्तरण :

सूचना प्रविधिको प्रयोगलाई थप प्रभावकारी बनाउँदै Core Banking System, Human Resource Management System, Learning Management System तथा Digital Reporting System लाई क्रमशः सुदृढ गरिनेछ। Cyber Security तथा Information Security लाई थप प्राथमिकता दिइनेछ।

८.६ Artificial Intelligence (AI) तथा नवप्रवर्तन :

संस्थाले Artificial Intelligence (AI) को सुरक्षित तथा जिम्मेवार प्रयोगलाई प्रोत्साहन गर्दै AI Adoption Roadmap २०८३-२०८५ को कार्यान्वयन प्रारम्भ गर्नेछ। AI को प्रयोगलाई नीति निर्माण, प्रतिवेदन तयारी, ज्ञान व्यवस्थापन, तालिम तथा उत्पादकत्व अभिवृद्धिमा केन्द्रीत गरिनेछ।

८.७ संस्थागत सुशासन तथा जोखिम व्यवस्थापन :
संस्थागत सुशासन, जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण तथा नियामकीय अनुपालनलाई थप सुदृढ बनाइनेछ । सञ्चालक समिति, उपसमितिहरू तथा व्यवस्थापनबीचको समन्वय र उत्तरदायित्व प्रणालीलाई अझ प्रभावकारी बनाइनेछ ।

८.८ दिगो तथा समावेशी विकास :
संस्थाले वित्तीय समावेशीकरण, ग्राहक संरक्षण, महिला सशक्तीकरण तथा सामाजिक उत्तरदायित्वलाई निरन्तरता दिँदै दिगो तथा समावेशी विकासप्रति आफ्नो प्रतिबद्धतालाई थप सुदृढ बनाउनेछ ।

सञ्चालक समिति संस्थालाई थप सुदृढ, उत्तरदायी, प्रविधिमैत्री तथा दिगो वित्तीय संस्थाका रूपमा विकास गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको छ। सामूहिक प्रयास, सुशासन, वित्तीय अनुशासन तथा नवप्रवर्तनको माध्यमबाट संस्थालाई पुनः सबल, प्रतिस्पर्धी तथा विश्वासिलो वित्तीय संस्थाका रूपमा स्थापित गर्ने लक्ष्यका साथ आगामी आर्थिक वर्षका कार्यक्रमहरू कार्यान्वयन गरिनेछन् ।

९. धन्यवाद तथा प्रतिबद्धता (Acknowledgement and Commitment) :
आर्थिक वर्ष २०८१/८२ संस्थाको लागि चुनौती, सुधार, पुनर्संरचना तथा भविष्य निर्माणको आधार तयार गर्ने महत्वपूर्ण वर्षको रूपमा रहेको छ । यस अवधिमा संस्थाले विभिन्न चुनौतीहरूको सामना गर्दै संस्थागत सुशासन, वित्तीय अनुशासन, जोखिम व्यवस्थापन तथा व्यवसायिक पुनरुत्थानको दिशामा महत्वपूर्ण प्रयासहरू गरेको छ ।

यस अवसरमा, संस्थाप्रति निरन्तर विश्वास, सहयोग तथा समर्थन प्रदान गर्नुहुने सम्पूर्ण सम्मानित शेयरधनी महानुभावहरूप्रति सञ्चालक समितिको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । यहाँहरूको विश्वास र सहयोगले नै संस्थालाई चुनौतीपूर्ण परिस्थितिमा पनि अगाडि बढ्न प्रेरणा प्रदान गरेको छ ।

नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड (NEPSE), CDS and Clearing Limited, Nepal SBI Merchant Banking लगायत सम्पूर्ण नियामकीय निकायहरूबाट प्राप्त मार्गदर्शन, सहयोग तथा निर्देशनप्रति सञ्चालक समिति हार्दिक कृतज्ञता व्यक्त गर्दछ ।

त्यसैगरी, संस्थाका ग्राहक सदस्यहरू, निक्षेपकर्ता, कर्जा प्रदायक बैंक तथा वित्तीय संस्थाहरू, बीमा कम्पनीहरू, विकास साझेदार संस्थाहरू, व्यवसायिक साझेदारहरू तथा सम्पूर्ण शुभेच्छुकहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

संस्थाको व्यवसायिक सञ्चालन, व्यवस्थापन तथा पुनरुत्थानका प्रयासहरूमा महत्वपूर्ण योगदान पुऱ्याउनुहुने प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन समूह तथा सम्पूर्ण कर्मचारीहरूप्रति विशेष धन्यवाद व्यक्त गर्दछौं । चुनौतीपूर्ण परिस्थितिमा समेत यहाँहरूले देखाउनुभएको समर्पण, व्यावसायिकता तथा संस्थाप्रतिको प्रतिबद्धता संस्थाको सबैभन्दा ठूलो शक्ति रहेको छ ।

सञ्चालक समिति संस्थालाई थप सुदृढ, सुशासित, प्रविधिमैत्री, उत्तरदायी तथा दिगो वित्तीय संस्थाका रूपमा विकास गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको छ । आगामी दिनहरूमा निष्क्रिय कर्जा न्यूनीकरण, पूँजी सुदृढीकरण,

संस्थागत सुशासन, डिजिटल रूपान्तरण, मानव संसाधन विकास तथा नवप्रवर्तनलाई प्राथमिकतामा राखी संस्थाको दिगो विकास यात्रालाई निरन्तरता दिइनेछ ।

"समृद्धिको लागि सँगसँगै" भन्ने संस्थाको मूल भावनालाई आत्मसात गर्दै सम्पूर्ण शेयरधनी, ग्राहक सदस्य, कर्मचारी, नियामक निकाय तथा अन्य सरोकारवालाहरूसँगको विश्वास, सहकार्य तथा साझेदारीलाई थप सुदृढ बनाउँदै संस्थालाई भविष्यमा अझ सक्षम, विश्वसनीय तथा अग्रणी लघुवित्त संस्थाको रूपमा स्थापित गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

अन्त्यमा, संस्थाको निरन्तर प्रगति, स्थायित्व तथा सफलताका लागि सम्पूर्ण सरोकारवालाहरूको साथ, सहयोग र शुभेच्छा आगामी दिनहरूमा पनि प्राप्त भइरहने विश्वास व्यक्त गर्दछौं ।

मितिः २०८३/०३/३२

सञ्चालक समितिको तर्फबाट
राज कुमार राई
अध्यक्ष

लि.नं : ९८९/०६३/६४

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, बनेपा-०८, काभ्रेपलान्चोक ।
कर्पोरेट कार्यालय, मध्यपुर थिमी-१, लोकन्थली, भक्तपुर

कम्पनी ऐन, २०६३ को दफा १०९ (४) अनुसारको सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने विवरणहरु :

